# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 02.09.2024**

- **Cabinet Decision**

केन्द्रिय मन्त्रीमण्डलले कुल दुई हजार आठ सय सत्र करोड़ रूपियाँको लागत भएको डिजिटल कृषि मिशनलाई स्वीकृति दिएको छ। आज नयाँ दिल्लीमा मिडियालाई जानकारी दिंदै सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले भन्नुभयो, मन्त्रीमण्डलको बैठकमा किसानहरूको जीवनमा सुधार र उनीहरूको आय वृद्धिका लागि विभिन्न महत्त्वपूर्ण फसेला लिइएको छ।

केन्द्रिय मन्त्रीमण्डलले खाद्य एवं पोषण सुरक्षाका लागि तीन हजार नौं सय उनासी करोड़ रूपियाँको लागत भएको योजनालाई पनि स्वीकृति दिएको छ।

सरकारले दुई हजार दुई सय एकनब्बे करोड़ रूपियाँको लागतमा कृषि शिक्षा र प्रबन्धनलाई दह्रिलो बनाउने पनि निर्णय लिएको छ। मन्त्रीमण्डलको बैठकमा एक हजार सात सय दुई करोड़ रूपियाँको

लागतमा पशुधन स्वास्थ्य तथा यसको जनसंख्या वृद्धि गर्ने योजनालाई पनि स्वीकृति दिएको छ। यसबाहेक, आठ सय साठ्ठी करोड़ रूपियाँको लागतमा बागवानीको सतत विकास कार्यक्रमलाई अनुमति दिइएको छ। एक हजार दुई सय दुई करोड़ रूपियाँको लागतमा कृषि विज्ञान केन्द्रहरू र एक हजार एक सय पन्द्र करोड़ रूपियाँको लागतमा प्राकृतिक संसाधन प्रबन्धनलाई पनि स्वीकृति दिने निर्णय लिइएको छ।

मन्त्रीमण्डलको यस बैठकमा अठार हजार छत्तीस करोड़ रूपियाँको लागतमा मुम्बई र इन्दोरबीच तीन सय नौं किलोमीटर लामो नयाँ रेल लाइन परियोजनालाई पनि स्वीकृति दिइएको छ, जुन परियोजना 2028-29-सम्ममा पूरा हुनेछ।

--------------------------------------X--------------------------------------

- **GOLF**

लाचुङका जोखिपूर्ण गाउँहरूका लागि निकासी अर्थात evacuation नक्सा तयार गर्ने उद्देश्यले आज लाचुङ जुम्सामा सहभागितामूलक ग्रामीण मूल्याङ्कन अभ्यास आयोजन गरियो। भू-राजस्व एवं आपदा प्रबन्धन विभागकी आयुक्त एवं सचिव सुश्री

नम्रता थापाले नेतृत्व गर्नुभएको टोलीमा अतिरिक्त सचिव श्रीमती परिना गुरूङ र QRT श्रीमती पेमा भोटिया लगायत अन्य रहेका थिए।

अतिरिक्त सचिवले राज्य अनि विशेष गरी लाचुङमा हिमनदी विस्फोटको खतरेबारे जनतालाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो, तेनचुङखा पोखरीलाई राष्ट्रिय आपदा प्रबन्धन प्राधिकरणद्वारा सिक्किमका सोल्हवटा संवेदनशील पोखरीहरूमध्ये एउटाको रूपमा चिन्हित गरेको छ।

------------------------------------X------------------------------------

- **DPPAC Meeting**

राष्ट्रिय पञ्चायत पुरस्कार 2024-का निम्ति जिल्ला पञ्चायत कार्यसम्पादन मूल्याङ्कन समितिको बैठक आज पाक्िमको जिल्ला प्रशासनिक केन्द्रस्थित सम्मेलन कक्षमा बस्यो। जिल्लाधीश श्री अग्वाने रोहन रमेशको अध्यक्षतामा बसेको बैठक विभागहरूबीच मापदण्ड वितरित गर्न र मूल्याङ्कन प्रक्रियाको कार्य निर्धारित गर्ने विषयमा केन्द्रित थियो। प्रत्येक विभागलाई

निर्धारित पुरस्कार विषयवस्तुअन्तर्गत पञ्चायतहरूको मूल्याङ्कन गर्न विशेष दिशानिर्देशहरू प्रदान गरियो।

अतिरिक्त जिल्लाधीश विकास श्री रोबिनप्रसाद सेवाले कार्यसूचिबारे जानकारी गराउँदै राष्ट्रिय पञ्चायत पुरस्कारमा उत्कृष्टता हासिल गर्न सतत् प्रयास र रणनीतिक योजनाको महत्त्वमाथि प्रकाश पार्नुभयो।

राष्ट्रिय पञ्चायत पुरस्कार दिनदयाल उपाध्याय पञ्चायत सतत विकास पुरस्कार वर्गमा प्रदान गरिन्छ।

--------------------------------------X--------------------------------------

- **Rashtriya Poshan Maah**

महिला तथा बाल विकास विभागअन्तर्गत एकीकृत बाल विकास योजना (ICDS) गान्तोकद्वारा आयोजित राष्ट्रिय पोषण माहको आज उदघाटन गरियो।

सिङतामममा सम्पन्न समारोह रक्त अल्पता, विकास निगरानी, पूरक आहार र पोषण पनि पढाई पनि विषयमाथि केन्द्रित रहेको थियो। कार्यक्रमका मुख्य अतिथि गान्तोकका जिल्लाधीश श्री तुसार

निखारेले उपस्थित मानिसहरूलाई पोषण माहको शपथ दिलाउनुभयो।

ICDS-की उपनिदेशक श्रीमती दोर्जी डोमा भोटियाले कार्यक्रमको विषयमाथि प्रकाश पार्दै राष्ट्रिय पोषण माह एउटा वार्षिक पहल रहेको र समग्र पोषणका लागि पोषण अभियान योजनालाई एकदेखि तीस सितम्बरसम्म राष्ट्रव्यापी रूपमा पालन गरिने गरेको जानकारी गराउनुभयो।

यस अवसरमा आगनवाणी कार्यकर्ता र सहायकहरूद्वारा पोषण सम्बन्धि गीत र नाटक पनि प्रस्तुत गरियो।

यो कार्यक्रम आज गेजिङ, मंगन र पाकिम जिल्लामा पनि पालन गरियो।

--------------------------------------X--------------------------------------

- **Mangan Meeting**

भारतमाला परियोजनासित सम्बन्धित मुद्दामाथि चर्चा गर्ने विषयले मंगन जिल्लामा आज आयोजित बैठकको अध्यक्षता जिल्लाधीश श्री अनन्त जैनले गर्नुभयो। बैठकमा विशेषगरी परियोजनाको प्रभावी

क्रियान्वयनका लागि चुनौतीहरूको पहिचान गर्नु र समाधान गर्नमाथि ध्यान केन्द्रित गर्नु रहेको थियो। बैठकमा यस जिल्लाका सड्क र पुलहरूको निर्माणसित सम्बन्धित अन्य लम्बित मुद्दाहरूमाथि पनि चर्चा गरियो।

-------------------------------------X-------------------------------------

- **Training for BLOs**

बुथ स्तरीय अधिकारी (BLO) र BLO पर्यवेक्षकहरूका निम्ति जिल्ला प्रशासनिक केन्द्र, मंगनको सम्मेलन कक्षमा आज मतदाता सूचिको विशेष संक्षिप्त संसोधनबारे प्रशिक्षण सम्पन्न भयो।

कार्यक्रममा उपस्थित मंगनका जिल्लाधीश श्री अनन्त जैनले BLO-हरूलाई घर-घर सर्वेक्षण र अन्य संशोधन पूर्व गतिविधिहरूबारे परिचित गराउनमा रहने विशेष संक्षिप्त संशोधनको महत्त्वमाथि प्रकाश पार्नुभयो। उहाँले नयाँ मतदाताहरूको सत्यापन जस्ता गम्भीर कार्यसहित यसको स्थानान्तरण र आवश्यक संसोधनमाथि जानकारी दिनुभयो।

-------------------------------------X-------------------------------------

- **Sports**

सिक्किम ब्याडमिन्टन टोली आगामी उत्तरपूर्वी क्षेत्र अन्तर राज्य ब्याडमिन्टन च्याम्पियनशीप 2024-मा आफ्नो कला प्रस्तुत गर्न पूर्ण रूपमा तयार रहेको छ। यो प्रतिष्ठित प्रतियोगिता यसै महिनाको सातदेखि दश तारिकसम्म आसामको गुवाहाटीमा हुनेछ।

यस प्रतिस्पर्धामा तेह्रदेखि मुनिको र उन्नाइसदेखि मुनिको आयु वर्गमा कुल चौबीसजना युवा खेलाड़ीहरूले सिक्किमको प्रतिनिधित्व गर्नेछन्। ठिटा र ठिटी दुवै समावेश रहेको यस प्रतियोगिताका लागि खेलाड़ीहरूले कडा प्रशिक्षण र तयारी गरिरहेछन्।

--------------------------------------X--------------------------------------